## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालमा गरिने हार्ट सर्जरी कामको लागि अष्ट्रेलियन हार्ट सर्जरी टीमले उपहारस्वरूप ल्याउने सी.आई.एफ. काठमाडौं मूल्य अष्ट्रेलियन डलर ८२६।– (आठसय छब्बीस) बराबरका निम्न अनुसारका औषधीहरूमा लाग्ने भन्सार महशूल पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

सामानको विवरण

| सामानको नाम र परिमाण | | मूल्य (अष्ट्रेलियन डलर) |
|---|---|---|
| १. मार्फीन १० मि. ग्रा. | ७० | २१०.०० |
| २. फेन्टानिल १००० मि.ग्रा. | ३० | १५०.०० |
| ३. पेभुलोन ४ " | ३० | ३००.०० |
| ४. भ्यालुम १० " | ३० | ६०.०० |
| ५. पेन्टोथल सोडियम २.५ ग्रा. (मल्टीडोज बोटल) | २ | १६.०० |
| ६. ड्रोपेरीडोल १० मि. ग्रा. | १५ | ९०.०० |
| | | ८२६.०० |

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार
## जलस्रोत मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भूमिगत जलस्रोत विकास समितिको सदस्यहरूमा देहायबमोजिम थपघट तथा हेरफेर गरेको छ ।

| सि.नं. | सदस्यहरूको नामावली | |
|---|---|---|
| (क) | अतिरिक्त सचिव, जलस्रोत मन्त्रालय, सिंचाई महाशाखा | – अध्यक्ष |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९६